# सूचना । सूचना ॥ सूचना ॥।

नेपाल सरकार दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिलगढी, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

दिपायल सिलगढी नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि २०७६ बमोजिम अपाङ्गता परिचय-पत्र वितरण समन्वय समितिको बैठकको निर्णयानुसार अपाङ्गता परिचय-पत्र वितरण घुम्ती शिविर वडा नं. १,२,३,४, र ५ को द्वारीखोलाको तल्लो भेगका लागि मिति २०७६/०७/१६ गते दिपायल सिलगढी नगरपालिका वडा नं.३ को वडा कार्यालयको भवनमा र वडा नं. ५ को माथिल्लो भेग तथा वडा नं. ६,७,८ र ९ को लागि मिति २०७६/०७/१८ गते दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आयोजना गरिने भएकोले नगरपालिकाको कार्यविधि बमोजिमको अपाङ्गता परिचय-पत्र लिन तपसिलका कागजात लिई उपस्थित हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

अपाङ्गता परिचय-पत्र बनाउदा आवश्यक पर्ने तपसिलका कागजातहरु

१ अपाङ्गता देखिने गरी खिचिएको पासपोर्ट साइजको फोटो ५ प्रति

२. सम्बन्धित वडा कार्यालयको सिफारिस

३. १८ वर्ष मुनिको जन्मदर्ताको प्रतिलिपि र १८ वर्ष भन्दा माथिको नागरिकताको प्रतिलिपि

४. अभिभावकको नागरिकताको प्रतिलिपि

५. चेकजाँच गरेको मेडिकल रिर्पोट

६. अपाङ्गता भएको मेडिकल रिर्पोट

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि लागू हुनु अगाडि ( साविकको महिला तथा बालबालिका कार्यालयबाट) प्राप्त गरेको परिचय-पत्र मान्य हुने छैन । यस्ता व्यक्तिहरुले कार्यविधि बमोजिमकै परिचय-पत्र पुनः लिनुपर्ने छ । सम्बन्धित पालिकाको परिचय-पत्र बनाउदा साविकको परिचय-पत्र र सम्बन्धित वडाको सिफारिस अनिवार्य ल्याउनु पर्नेछ ।

२०७६/६/२८

नि. प्रमुख प्रशासकीय अधिकृ